**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १७ अप्रेल २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- लोकसभामा आज संविधान (131 औ संशोधन) विधेयक 2026, परिसीमन विधेयक 2026 अनि केंद्र शासित प्रदेश कानून (संशोधन) विधेयक 2026 माथि चर्चा जारी छ।
- प्रधानमंत्री नरेन्द्र मोदीले सबै सांसदहरुसित नारी शक्ति वंदन अधिनियममा संशोधनलाई समर्थन गर्ने आग्रह गर्नुभएको छ।
- हरिवंश नारायण सिंह लगातार तेस्रो पल्ट निर्विरोध राज्यसभाका उपसभापति चुनिनुभएको छ।
- पूर्व राष्ट्रपति, प्रख्यात शिक्षाविद, दार्शनिक र महान शिक्षक डा. सर्वपल्ली राधाकृष्णनलाई उहाको पुण्यतिथिमा उपराष्ट्रपति सीपी राधाकृष्णन लगायत केन्द्रिय मन्त्रीहरू अनि बिभिन्न राज्यहरूका मुख्यमन्त्रीहरूले श्रद्धाञ्जलि अर्पित गरे।
- पश्चिम बंगाल विधानसभा चुनाउबीच केन्द्रिय एजेन्सीहरूले राज्यमा आफ्नो कार्यवाही जारी राखेका छन्।
- दार्जीलिङ विधानसभा क्षेत्रमा बिभिन्न राजनीतिक दलहरुको चुनाव प्रचार जारी छ।

**महिला आरक्षण चर्चा**

लोकसभामा आज संविधान (131 औ संशोधन) विधेयक 2026, परिसीमन विधेयक 2026 अनि केंद्र शासित प्रदेश कानून (संशोधन) विधेयक 2026 माथि चर्चा पुनः शुरू भयो। यी तिनै विधेयकहरुको उद्देश्य लोकसभा अनि राज्यहरु तथा केंद्र शासित प्रदेशहरुको विधानसभाहरुमा महिलाहरुको भागीदारी बढ़ाउनु हो। लोकसभामा विपक्षका नेता अनि कांग्रेस सांसद राहुल गांधीले, नारी शक्ति वंदन अधिनियम महिला आरक्षण विधेयक नरहेको अनि यसको महिला सशक्तिकरणसित कुनै लेन-देन नरहेको बताउनुभयो। यी विधेयकहरुलाई संसदमा ल्याएर चुनावी मानचित्र परिवर्तन गर्ने प्रयास गरिरहेको उहाले दावी गर्नुभयो। लोकसभा अध्यक्ष ओम बिरलाले श्री राहुल गांधीले प्रधानमंत्री नरेंद्र मोदीलाई जादूगरको उपमा दिएकोमा आपत्ति ब्येक्त गर्नुभएको छ। रक्षा मंत्री राजनाथ सिंहले प्रधानमंत्री नरेंद्र मोदी माथि श्री राहुल गांधीको हमलाको निंदा गर्दै माफ मंगने मांग गर्नुभयो अनि उहाको भाषणबाट यस्तो टिप्पणिहरु हटाउने बताउनुभयो। संसदीय कार्य मंत्री किरेन रिजिजूले पनि राहुल गांधीको निंदा गर्दै उहाको टिप्पणिलाई असंसदीय बताउनु भयो।केंद्रीय मंत्री एचडी कुमारस्वामीले -स्वतंत्रताको लगभग 75 बर्ष पछि सरकारले लोकसभा अनि राज्य विधानसभाहरुमा महिलाहरुको लागि उचित अनि सार्थक आरक्षण सुनिश्चित गरेर एक ऐतिहासिक कदम उठाएको बताउनुभयो। प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा भारत एक गहन अनि सार्थक परिवर्तनबाट अघि बढिरहेको उहाले बताउनुभयो। **महिला अनि बाल विकास मंत्री अन्नपूर्णा देवीले भन्नुभयो कि महिलाहरु केवल देशको विकासमा भागीदार मात्र नभएर राष्ट्रको भविष्यलाई आकार दिनमा महत्वपूर्ण भूमिका निभाई रहेका छन्। उहाले विधेयकलाई एक ऐतिहासिक उपलब्धि बताउदै यसले समावेशी शासन अनि महिला नेतृत्व रहेको विकास प्रति भारतको प्रतिबद्धतालाई दर्शाउदछ भनि बताउनुभयो।** पंचायती राज मंत्री राजीव रंजन सिंहले , प्रधानमंत्री नरेंद्र मोदीको विजन 'सबैको साथ, सबैको विकास, सबैको विश्वास, सबैको प्रयास' को रहेको छ अनि यी तीनवटा विधेयक यसैलाई पूरा गर्ने उद्देश्यले ल्याईएको बताउनुभयो।

**उपसभापति हरिवंश - बधाई**

हरिवंश नारायण सिंह लगातार तेस्रो पल्ट निर्विरोध राज्यसभाका उपसभापति चुनिनुभएको छ। राज्यसभामा सदनका नेता जेपी नड्डाले उहाको नामको प्रस्ताव राख्नुभयो। राज्यसभाका उपसभापतिको पद श्री हरिवंशको कार्यकाल गत 9 अप्रैलमा समाप्त भएपछि रिक्त भएको थियो। प्रधानमन्त्री नरेन्द्र मोदीले राज्यसभाको उपसभापतिको रूपमा लगातार तेस्रो कार्यकालको लागि चुनिनु भएकोमा उहालाई बधाई दिँदै यसलाई सदनको गहिरो विश्वासको प्रतीक बताउनु भयो। राज्यसभालाई सम्बोधन गर्नुहुँदै - प्रधानमन्त्रीले हरिवंशको पुन:निर्वाचन उहाको' अनुभव, सन्तुलित कार्यशैली र सबैलाई साथमा लिएर हिड्ने क्षमताको मान्यता भएको बताउनुभयो। प्रधानमन्त्रीले उहाको नयाँ कार्यकाल समर्पण, सन्तुलन र मर्यादाका साथ अगाड़ी बढ्ने र सदन नयाँ उचाइमा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

**डा. सर्वपल्ली राधाकृष्णन – पुण्यतिथि**

पूर्व राष्ट्रपति, प्रख्यात शिक्षाविद, दार्शनिक र महान शिक्षक डा. सर्वपल्ली राधाकृष्णनलाई उहाको पुण्यतिथिमा उपराष्ट्रपति सीपी राधाकृष्णन लगायत केन्द्रिय मन्त्रीहरू अनि बिभिन्न राज्यहरूका मुख्यमन्त्रीहरूले श्रद्धाञ्जलि अर्पित गरे। उपराष्ट्रपति राधाकृष्णनले भन्नुभयो - डा. राधाकृष्णनले आफ्नो जीवन ज्ञानको खोजी र युवाहरुको दिमागलाई आकार दिन समर्पित गर्नुभयो । उहाको जीवन सिक्ने शक्ति, नम्रता र राष्ट्रको सेवाको प्रमाण हो। उहाको स्थायी विरासतले हामीलाई हाम्रो आफ्नै जीवनमा ज्ञान, अखण्डता र करुणाको मूल्यलाई यथावत राख्न प्रेरित गर्दछ। केन्द्रिय सड़क यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले पूर्व राष्ट्रपति भारत रत्न डा. सर्वपल्ली राधाकृष्णनलाई उहाको पुण्यतिथिमा श्रद्धाञ्जली अर्पण गर्नुभयो । केन्द्रिय कृषि मन्त्री शिवराज सिंह चौहानले डा. सर्वपल्ली राधाकृष्णनलाई उहाको पुण्यतिथिमा श्रद्धाञ्जली अर्पण गर्दै भन्नुभयो कि उहाको शक्तिशाली विचारहरूले युवाहरूलाई शिक्षित, सक्षम र सशक्त भारत निर्माण गर्न सधैं प्रेरित गर्नेछन्। केन्द्रिय मन्त्री गिरिराज सिंहले शिक्षाप्रतिको उनको समर्पण र विचारले हामीलाई सधैं मार्गदर्शन गर्ने बताउनुभयो । केन्द्रिय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले डा. राधाकृष्णनलाई श्रद्धाञ्जली अर्पण गर्दै उहालाई प्रतिष्ठित दार्शनिक र राजनीतिज्ञ बताउनुहुँदै शिक्षा र सार्वजनिक जीवनमा उहाको योगदानले भावी पिडीलाई प्रेरणा दिइरहने बताउनुभयो । उल्लेखनीय छ - डा. सर्वपल्ली राधाकृष्णन बर्ष 1952 देखि 1962 सम्म भारतका प्रथम उपराष्ट्रपति अनि बर्ष 1962 देखि 1967 सम्म देशको दोस्रो राष्ट्रपति हुनुहुन्थ्यो । उहाँ एक महान दार्शनिक र शिक्षाविद् हुनुहुन्थ्यो । उहाको सम्मानमा 5 सितम्बरमा शिक्षक दिवस मनाइन्छ। उहालाई 1954 मा भारत रत्न प्रदान गरिएको थियो। उहाले विश्व मञ्चमा भारतीय दर्शन स्थापित गर्नुभयो अनि शिक्षा प्रणालीमा सुधार गर्न राधाकृष्णन समितिको नेतृत्व गर्नुभयो ।

**ईडी – छापामारी**

पश्चिम बंगाल विधानसभा चुनाउबीच केन्द्रिय एजेन्सीहरूले राज्यमा आफ्नो कार्यवाही जारी राखेका छन्। प्रवर्तन निर्देशनालय (ईडी) ले एक रियल एस्टेट कम्पनी र एक निर्माण फर्मको परिसरमा छापा मारेको छ भने आयकर विभागले तृणमूल कांग्रेसका उम्मेदवार देबाशिष कुमारको निवास सहित धेरै स्थानमा छापा मारेको छ। केन्द्रिय बलहरूसँगै आज बिहान ईडी टोली सीजीओ कम्प्लेक्समा पुगे। आज बिहानदेखि नै ईडीका छुट्टाछुट्टै टोलीहरूले एक रियल एस्टेट कम्पनीसँग सम्बन्धित धेरै स्थानमा खोजी गर्न थालेका छन्। ईडीका अधिकारीहरू सल्ट लेक र कोलकाताका चार स्थानमा पुगेका छन्। उनीहरूले रियल एस्टेट कम्पनी मात्र नभई अर्को निर्माण कम्पनीको कार्यालयमा पनि छापा मारेका छन्। सूत्रहरू अनुसार, यो खोजी अभियान वित्तीय ठगी मुद्दासँग सम्बन्धित छ। स्मरण रहोस् केही दिनअघि यस निर्माण कम्पनीसँग सम्बन्धित घर, फ्ल्याट र कार्यालयहरूमा खोजी गरिएको थियो। ईडीले यो अभियान चुनाउअघि अवैध वित्तीय लेनदेन रोक्न र केही भूमि सम्बन्धी मामिलाहरूमा लेनदेनको बारे पत्तो लगाउनको लागि गरिएको दाबी गरेको छ। यसैबीच ईडी बाहेक अर्को केन्द्रिय एजेन्सी, आयकर विभागले पनि कोलकातामा खोजी गरिरहेको छ। उनीहरूले आज बिहान धेरै स्थानमा छापा मारे, जसमा रासबिहारी निर्वाचन क्षेत्रका तृणमूल उम्मेदवार देबाशीष कुमारको घर अनि उनको चुनाउ कार्यालय पनि समावेश छ। यसैबीच राज्यको सत्तारुढ़ दल, तृणमूल कांग्रेसले चुनाउअघि दुई केन्द्रिय एजेन्सीहरूले गरेको दोहोरो खोजीमाथि प्रश्न उठाइरहेको छ।

**पश्चिम बंगाल-प्रचार**

तृणमूल कांग्रेसका वरिष्ठ नेता अनि पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जीले आज उत्तर बंगालको कोचबिहारमा चुनावी रैली गर्नुभयो । केंद्र सरकार द्वारा राज्यमा कथित रूपले बेरोजगारीलाई मुद्दा बनाईए पछि सुश्री बैनर्जीले भाजपा नागरिकहरुको कल्याणलाई लिएर चिंतित नरहेको बताउनुभयो । यता भाजपा नेता अनि महाराष्ट्रका मुख्यमंत्री देवेन्द्र फडणवीसले यस पल्ट पश्चिम बंगाल विधानसभा चुनावमा जनताले तृणमूल कांग्रेसलाई सत्ताबाट बाहिर हटाउने दावी गर्नुभयो । पार्टी नेता अनि असमका मुख्यमंत्री हिमंता बिस्व सरमाले आज उत्तर दिनाजपुर जिल्लाको हेमटाबादमा चुनावी रैली गर्नुभयो ।

**चुनाव प्रचार-दार्जीलिंग**

दार्जीलिङ विधानसभा क्षेत्रका इन्डियन गोर्खा जनशक्ति फ्रन्टका उम्मेदवार अजय एडवर्डस आफ्नो चुनावी प्रचार प्रसार गर्न रिम्बिक लोधोमा समष्टि पुगेका थिए।त्यस अवधि स्थानीय गाउँलेहरूले अजय एडवर्डसलाई भव्य स्वागत जनाए। गोर्खे समान्देनसम्म आजसम्म बाटो पुग्न नसकेको र त्यहाका मानिसहरूले खाद्य समाग्री तथा राशनहरू घोडामा बोकाएर लाने गरेको र यो अति नै पीडादायक विषय रहेको उहाले बताउनुभयो । यो क्षेत्र रिजर्ब फरेस्ट क्षेत्र रहेको

र उहालाई जन प्रतिनिधि चयन गरिएको खण्डमा सम्बंधित मंत्रलयहरूसंग कुराकानी गरेर गोर्खेसम्म बाटो निर्माण गर्ने अनुमति लिएर बाटोको निर्माण गर्ने उहाले रिम्बिक तथा गोर्खे क्षेत्रका जनताहरूसंग वाचा गरेका छन् । यसरीनै भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका खरसाङका उम्मेदवार अमर लामा अनि जी टी ए प्रमुख कार्यपाल अनित थापा आफ्नो चुनावी अभियानलाई लिएर आज लप्चु पुगेर त्यहाँका मानिसहरूलाई मतदानको निम्ति अपिल गरे भने दार्जीलिङ विधानसभाको भारतीय जनता पार्टी (भाजपा) का उम्मेद्वार नोमन राईले सुकेपोखरी बजारमा चुनावी प्रचार कार्यक्रम सम्पन्न गरेका छन्।कार्यक्रममा स्थानीय बासिन्दाहरूको उल्लेखनीय सहभागिता रहेको थियो। श्री राईले आफ्ना भाषणमा क्षेत्रको विकास, रोजगारी सिर्जना, पूर्वाधार सुधार तथा जनताका आधारभूत आवश्यकताहरू पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे । आज गोरामोमो केन्द्रीय समितिका सदस्य एवं प्रवक्ता सेबस्टियन प्रधानले कालेबुङको विकासका लागि भरत छेत्रीलाई भोट दिन अपिल गरे।

**बीजीपीएम रैली**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले भोलि मिरिकमा आफ्नो शक्ति प्रदर्शनसहित जनसभा गर्ने भएको छ। जनसभा मिरिक बजारको हाट घर परिसरमा हुनेछ। जनसभा अघि एक रैलीको आयोजना गरिनेछ जहाँ मिरिक क्षेत्रका पार्टी समर्थकहरुको व्यापक उपस्थिति हुने बताइएको छ। यसका साथै भोलि मिरिकमा हुने जनसभामा पार्टीले चुनावको निम्ति घोषणापत्र पनि जारी गर्ने थाहा लागेको छ। पार्टीको घोषणा पत्रबारे बोल्दै पार्टीका महासचिव तथा खरसाङ बिधानसभा क्षेत्रका उम्मेदवार अमर लामाले पार्टीले चियाबारीका श्रमिकहरुको निम्ति न्युनतम ज्याला सुनिश्चित गर्नमा प्राथमिकता दिने बताए। अर्कोतिर भोलिको सभा सफल बनाउन तैयारी भइसकेको भन्दै सबैलाई उपस्थित भइदिने अनुरोध पार्टीको मिरिक प्रतिनिधिहरुले गरेका छन।

**सिलीगुड़ी - भजनलाल**

पश्चिम बंगाल विधानसभा चुनावलाई लिएर राजनीतिक वातावरण धेरै तात्तिएको छ । यसै क्रममा सिलगडीमा भारतीय जनता पार्टी (भाजपा) उम्मीदवार शंकर घोषको समर्थनमा राजस्थानका मुख्यमंत्री भजनलाल शर्माले आज रोड शो गरे । रोड शो मा धेरै संख्यामा भाजपा नेता अनि कार्यकर्ता सामेल भए । पुरा मार्गमा पार्टी समर्थकहरुको धेरै भीड़ देखियो । रोड शो को अवधि समर्थकहरुले पार्टीको झन्डा अनि बैनर लिएर नाराबाजी गरे । कार्यक्रम पछि पत्रकारहरुसित कुराकानीमा भजनलाल शर्माले भन्नुभयो – मैले बंगालमा जुन वातावरण देखेको छु , त्येसले म पूर्ण रुपमा आश्वस्त छु कि भाजपा यस पल्ट बंगालमा सत्तामा आउने छ । राज्यका जनताले परिवर्तन चाहन्छन् । चुनाव पुर्व यस प्रकारको ठुलो रोड शो लाई भाजपा को शक्ति प्रदर्शनको रूपमा हेरिंदैछ ।

**मौसम**

मौसम विभागले आज हिमाचल प्रदेश, जम्मू-कश्मीर अनि लद्दाखमा असिना पर्ने अनि आंधीहुरीको ऑरेंज अलर्ट जारी गरेको छ । आगामी 2 देखि 3 दिनमा असम अनि मेघालयमा मुसलधारे वर्षा हुने सम्भावना छ । भोली सम्म पश्चिम बंगाल निम्न हिमालय क्षेत्रको मैदानी ईलाका , सिक्किम, उत्तराखंड, तटीय आंध्र प्रदेश, ओडिशा, राजस्थान अनि पूर्वोत्तर क्षेत्रको केहि भागहरुमा बिजुली चम्किने अनि तिब्र हावा सितै आधीहुरी चल्ने आशंका छ ।

**भाजपा युवा शक्ति भरोसा कार्ड**

पश्चिम बंगाल विधानसभा

**आदर्श आचारसंहिता उल्लङ्घन तृणमूल**

पश्चिम बंगालमा चुनावी

**खरसाङ विधानसभा निर्दलीय उम्मेद्वार**

खरसाङ विधानसभा

**डिमाईश**

श्रीमति के. के. गुप्ताको

**<u>दार्जीलिङ्का जिल्लाधिकारी बूथ निरीक्षण</u>**

मतदाताहरूमाझ

**<u>निर्वाचन आयोग सुरक्षा व्यवस्था</u>**

पश्चिम बंगाल

**<u>योगी आदित्यनाथ चुनावी सभा</u>**

पश्चिम बंगाल विधानसभा

***********